# केन्द्रिय मत्स्य प्रवर्द्धन तथा संरक्षणा केन्द्र, बालाजुको अनुरोध

**कोभिड-१९ को माहामारीलाई न्यूनीकरणको लागि अपनाईएको बन्दाबन्दीको अवस्थामा मत्स्य सम्बद्ध गतिविधिहरूमा संलग्न हुन मत्स्य कृषक माझी, जलारी, मलाहा मत्स्य व्यवसायी, उद्यमी, वैज्ञानिक एवं प्राविधिकहरुमा अनुरोध**

कोभिड-१९ महामारीको कारण विश्व अहिले आक्रान्त छ। यसबाट नेपाल पनि अछुतो रहन सक्ने कुरै भएन। यस रोगको फैलावटलाई न्यूनीकरण एवं नियन्त्रण गर्न मुलुकभर बन्दाबन्दी (Lockdown) गरिएको छ। बन्दाबन्दीका कारण यातायात सुचारु नहुँदा मानिसको आवत जावत मात्र होइन अत्यावश्यक सरसामानहरु र दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्थामा समेत प्रत्यक्ष असर परेको छ। कृषि उत्पादन कार्यलाई निरन्तरता दिन र उत्पादित कृषि उपज विक्री वितरण कार्यलाई सहज बनाउन तीनै तहका सरकारको संयन्त्रबाट आवश्यक पहल गरिएता पनि कृषिको एक महत्वपूर्ण उपक्षेत्र मत्स्यमा समेत उत्पादन र आपूर्ति व्यवस्थामा तत्कालीन समस्या र असरहरु तथा दीर्घकालीन असर र प्रभावहरु पर्ने देखिएको छ। यसरी कोभिड-१९ को महामारीको हुन सक्ने संक्रमणबाट जोगिंदै मत्स्य क्षेत्रमा उत्पन्न भएको समस्या र असरलाई न्यूनीकरण गर्न र मत्स्य क्रियाकलापहरु निरन्तर सुचारु राख्न तपसिल अनुसारका उपाय एवं मापदण्डहरु (Protocol) अवलम्बन गरौं।

**३.१ समन्वय एवं सूचना प्रवाह**

- मत्स्य व्यवसायमा संलग्न कृषक/व्यवसायीहरु, मत्स्य प्राविधिक र सेवा प्रदायक निकाय एवं मत्स्य सम्बद्ध संघ/संस्थाहरु थप सचेत, गम्भीर र चनाखो भई आपसी सम्बादमा रहि सूचना र तथ्याङ्क आदान प्रदान गरौं।
- मत्स्य कृषक/व्यवसायीहरुले कोभिड-१९ महामारी र यसको नियन्त्रणका लागि अवलम्बन गरिएको बन्दाबन्दीका कारण मत्स्यपालन क्षेत्रमा भएको समस्या, असर एवं प्रभावका बारेमा नजिकको मत्स्य सम्बद्ध निकाय र मत्स्य प्राविधिकलाई जानकारी गराऔं।
- मत्स्य प्राविधिक र सेवा प्रदायक निकाय एवं मत्स्य सम्बद्ध संघ/संस्थाहरुले आवश्यक सूचना र तथ्याङ्कहरु संकलन गरी केन्द्रिय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुमा उपलब्ध गराऔं।
- मत्स्य प्राविधिक, मत्स्य सम्बद्ध संघ संस्थाका पदाधिकारीहरुले मत्स्य कृषक/व्यवसायीहरुलाई मत्स्य सम्बन्धी प्रविधि र बजारीकरण लगायतका समस्याहरु उपर संभाव्य सञ्चार माध्यम मार्फत जानकारी दिऔं।
- मत्स्य सम्बद्ध निकायहरुले नेपाल सरकार तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट भएका निर्णयमा उल्लेखित निर्देशन र मापदण्डहरु बारे जानकारी प्रवाह र कार्यान्वयनमा सहजीकरण गरौं।
- मत्स्यपालन व्यवस्थापन तथा बजारीकरण कार्यमा केही समस्या आई परेमा नजिकको मत्स्य प्राविधिकसँग पनि जानकारी लिन सक्नु हुनेछ।

**३.२ ह्याचरी तथा नर्सरी व्यवस्थापन सम्बन्धी**

- मत्स्य प्रजनन क्रियाकलाप मौसम/तापक्रममा निर्भर हुने भएकोले आवश्यक सावधानी र सुरक्षा अपनाउदै सिजन अनुसार प्रजनन कार्यलाई निरन्तरता दिऔं।
- माछाको प्रजननमा प्रयोग हुने रुमाल, बाल्टी, बाटा, हापा, ह्यामक जस्ता सामान, उपकरण र औजारहरु निसङ्क्रमण गरेर मात्र प्रयोग गरौं।

- माउ माछा समात्ने, हर्मोन इन्जेक्ट गर्ने व्यक्तिले उक्त कार्य गर्नु भन्दा अगाडि साबुन पानीले हात धुने र अल्कोहलयुक्त सेनिटाइजर प्रयोग गर्ने एवं अनिवार्य रुपमा मास्कको प्रयोग गरौं।
- ह्याचरी र नर्सरी व्यवस्थापन लगायतको भुरा उत्पादन कार्यमा सीमित कामदार/श्रमिक मात्र परिचालित हुने र ती व्यक्तिहरु अन्यत्र घुम्न नजाने वा अन्य कार्यमा संलग्न नभई र ह्याचरी/नर्सरीको परिसरमा मात्र सीमित होऔं।
- ह्याचरीमा उत्पादित माछा भुरा नर्सरी पोखरीमा स्टक गर्दा उच्च घनत्वमा स्टक गरेर ढिलो वृद्धि हुने गरी फिंङ्गरलिङ्ग्स (Stunted fingerlings) उत्पादन गरौं। साथै उच्च घनत्वमा ह्याच, फ्राई तथा फिंगरलिङ्ग स्टक गर्दा पोखरीको पानीको गुणस्तर व्यवस्थापन गर्न उच्च सतर्कता अपनाउ ।
- बजार/कृषकको माग अनुसार मत्स्य भुरा तयारी तथा ह्याच उत्पादन गर्ने।
- ह्याचरी र नर्सरी र वरिपरिका क्षेत्रहरुको विशेष रुपले सरसफाई गर्ने।
- हाल विदेशबाट सजावटी माछा आयात हुन नसकेको बेलामा संभाव्य स्थानीय जात_का माछालाई सजावटी माछाको रुपमा प्रवर्द्धन गरौं।

## ३.३ भुरा ढुवानी तथा पोखरीमा स्टक

- माछा भुरा ढुवानी गर्ने गाडी राम्रोसँग सरसफाई गरेर मात्र ह्याचरी/नर्सरी र उत्पादन फार्म परिसर भित्र प्रवेश दिने।(सवारी साधनलाई निसंक्रमण गर्न Bleaching powder को प्रयोग गर्न सकिन्छ –।–१५-२० ग्राम Bleaching powder लाइ १० लिटर पानीमा घोली स्प्रेयरले छर्किनु पर्दछ–)
- माछा भुरा ढुवानीका लागि सीमित मात्रामा मात्रै ढुवानी साधनको प्रयोग र सीमित व्यक्तिको मात्र संलग्नता गराऔं।
- अनुमति प्राप्त ढुवानी साधन र सम्बन्धित मत्स्य फार्मले उपलब्ध गराएको परिचय पत्र वाहक व्यक्तिहरु मात्र माछा भुरा ढुवानी कार्यमा संलग्न हुने।
- सरकारी वा निजी ह्याचरी/नर्सरीले माछा भुराको माग संकलन र भुरा उपलब्ध हुने मिति/समय जानकारी गराउँदा टेलिफोन, ईमेल वा अन्य सामाजिक सञ्जाल लगायतका माध्यमको प्रयोग गरौं।
- माछा भुरा विक्री वितरण, खरिद, ढुवानी र पोखरीमा स्टक गर्ने कार्यमा संलग्न व्यक्तिले सरसफाई, सामाजिक दुरी र मास्क पञ्जाको प्रयोग लगायत सावधानीका उपायहरु अनिवार्य रुपमा अवलम्बन गरौं।
- माछा भुरा विक्री वितरण, खरिद, ढुवानी र पोखरीमा स्टक गर्ने कार्यमा संलग्न व्यक्तिहरुको नियमित रुपमा शरीरको तापक्रम मापन र आवश्यकता अनुसार स्वास्थ्य जाँच गरौं।
- माछा भुरा ढुवानी गर्ने साधनवाट अन्य बाहिरी मानिसहरुको ओसार पसार नगराउ।

## ३.४ मत्स्यपालन व्यवस्थापन सम्बन्धी क्रियाकलाप

- मत्स्य कृषकहरुले आ-आफ्नो पोखरीमा आवश्यक सावधानी अपनाउँदै उपलब्ध भएसम्म भुरा स्टक गर्ने कार्यलाई निरन्तरता दिऔं।
- मत्स्यपालन व्यवस्थापनका नियमित कार्यहरु समय तालिका बनाइ सम्भव भएसम्म एक क्रियाकलापमा (दाना दिने, पानी व्यवस्थापन) का लागि एक व्यक्ति मात्र परिचालन गरौं।

- पोखरीमा माछामा लाग्ने रोग, घुलित अक्सिजन, अमोनिया, पानीको तापक्रम लगायत अन्य विभिन्न समस्याहरुको समाधानका लागि पोखरीको पानीको गुणस्तरलाई उचित व्यवस्थापन गर्नुका साथै नियमित रुपमा पोखरीको निरिक्षण गरौ ।

**४.५ खाने माछा हार्भेष्ट तथा विक्री वितरण**

- माछामा पाईने भिटामिन, मिनरल्स, ओमेगा ३ फ्याट्टी एसिड जस्ता उपयोगी पोषक तत्वहरुले मानिसमा रोग प्रतिरोधात्मक क्षमता बढाउने हुँदा माछाको नियमित रुपमा सेवन गर्न उपभोक्ता माझ सूचना प्रवाह गरौं।
- बजार/उपभोक्ताको मागलाई हेरेर मात्र पोखरीको माछा हार्भेस्ट गरौं।
- माछा हार्भेष्ट गर्ने जाल र प्याकेजिङ्ग सामान तथा ढुवानी साधनलाई सरसफाई र निसंक्रमण गरेर मात्र प्रयोग गरौं।
- अनुमति प्राप्त ढुवानी साधन र सम्बन्धित मत्स्य फार्मले उपलब्ध गराएको परिचय पत्र वाहक व्यक्तिहरु मात्र खाना माछा ढुवानी कार्यमा संलग्न हुने गराउ।
- माछा ढुवानी गर्ने सवारी साधनका चालक, सहचालक एवं माछा पोखरीबाट माछा हार्भेष्ट गर्ने, ढुवानी गर्ने, विक्री वितरण कार्यमा संलग्न व्यक्तिले सरसफाई, सामाजिक दुरी र मास्क पञ्जाको प्रयोग लगायत सावधानीका उपायहरु अनिवार्य रुपमा अवलम्बन गरौं।
- पोखरीबाट माछा हार्भेष्ट गर्ने, ढुवानी गर्ने र विक्री वितरण गर्ने कार्यमा सीमित व्यक्तिहरु मात्र संलग्न होऔं।
- पोखरीबाट माछा हार्भेष्ट गर्ने, ढुवानी गर्ने र विक्री वितरण गर्ने कार्यमा संलग्न व्यक्तिहरुको नियमित रुपमा शरीरको तापक्रम मापन गर्ने र आवश्यकता अनुसार स्वास्थ्य जाँच गरौं।
- उत्पादन पोखरी र माछा विक्री स्थलको नियमित रुपमा सरसफाई गरौं।
- माछा हार्भेष्ट गर्ने र विक्री वितरण कार्य तोकिएको समय र निश्चित स्थानमा मात्र गरौं।
- माछा विक्री का लागि "अनलाइन सेवा, होम डेलिभरी" जस्ता सेवाको प्रयोग मार्फत बजार केन्द्रित आपूर्ति व्यवस्था सुचारु गर्न पहल गरौं।
- बजारमा माछा विक्री गर्न सम्भव नभएमा माछालाई सुकाएर, भ्याकुम प्याकिङ्ग गरेर, नुनमा संरक्षण गरेर, धुँवा लगाएर तथा अन्य संरक्षण विधिहरुको प्रयोग गरौं।
- माछा समाती जीविकोपार्जन गर्ने समुदाय बिशेष गरी महिलालाई सहयोग गरौं।